**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३१ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- राष्ट्रले लौह पुरुष सरदार बल्लभ भाईको 150औं जन्म जयन्ती भव्य रूपमा पालन गरि रहेको छ।
- खराब मौसमका कारण केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणको भुटान भ्रमण रद्द भएपछि, सिलगढ़ीमा रात बिताएपछि आज बिहान दिल्ली फर्किनु भएको छ।
- लगातार परेको वर्षाको वर्षाका कारण उत्तर बंगालका अन्य जिल्लाहरूसहित दार्जीलिंग अनि कालेबुंगमा पनि जन जीवन प्रभावित बनेको छ I
- राष्ट्रिय हरित न्यायाधिकरण (NGT) ले उत्तर बंगालका पहाडी क्षेत्रहरूमा बारम्बार हुने पहिरोको बारेमा केन्द्र र पश्चिम बंगाल सरकारहरूबाट विस्तृत प्रतिवेदन माग गरेको छ।
- परीक्षा सकिएको ३९ दिनपछि, पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले आज पहिलो सेमेस्टरको परिणाम घोषणा गर्‍यो।

**<u>एकता दिवस</u>**

कृतज्ञ राष्ट्रले लौह पुरुष सरदार बल्लभ भाईको 150औं जन्म जयन्ती भव्य रूपमा पालन गरि रहेको छ। गुजरातको केवडियामा स्टेच्यु आफ युनिटिमा एक विशाल कार्यक्रमको आयोजना गरियो। स्वतंत्रता दिवस तथा गणतंत्र दिवस सरह नै आज एकता दिवसको भव्य परेड आयोजित गरियो। परेडमा भारतीय सशस्त्रबलका जवानहरू र पुलिस जवानहरूले सहभागिता गरे भने वायुसेनाका विमानहरूले पनि अद्भूत कलाबाजीको प्रदर्शन गरे। देशका विभिन्न राज्यहरूका झाँकीहरूको पनि प्रदर्शन गरियो। यस अवसरमा प्रधानमंत्री नरेन्द्र मोदीले करोडो भारतीयहरूलाई राष्ट्रीय एकता र अखण्डताको शपथ दिलाउनु भयो। देश स्वतंत्र हुन्दा 562 वटा ससाना राज राजवाडाहरूलाई भारत राष्ट्रमा बिलय गराउने असम्भ कार्यलाई सरदार पटेलले सम्भव बनाए। यसैले उहाँलाई लौह पुरुष Iron Man को नामले विश्वले चिन्द छन्। उहाँ एक भारत श्रेष्ठ भारत, जातिभेद देखि माथि उठेर एक बलियो र संगठित आत्मनिर्भर र विकसित भारतको प्रखर प्रणेता थिए। उहाँको जन्म जयन्ती एकात्म भारतको प्रेरणा हो। सुन्नु होस हाम्रा सम्वाददाताको एक रिपोर्ट.

BYTE

**<u>वित्तमन्त्री-भुटान यात्रा रद्ध</u>**

खराब मौसमका कारण केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणको भुटान भ्रमण रद्द भएपछि, सिलगढ़ीमा रात बिताएपछि आज बिहान दिल्ली फर्किनु भएको छ। हिजो भुटानको पारो विमानस्थलमा अवतरण गर्न असफल भएपछि वित्तमन्त्रीको विमान बाघडोग्रा विमानस्थलमा आपतकालीन अवतरण गर्‍यो। त्यसपछि उहा सिलगढ़ीको एक होटलमा बस्नु भएको थियोI दिल्ली फर्कने क्रममा वित्तमंत्री आज बिहान बाघडोग्रा विमानस्थल पुग्नु भयो , जहाँ उहालाई भाजपा नेता र कार्यकर्ताहरूले स्वागत गरे। स्मरण रहोस् , वित्तमन्त्री निर्मला सीतारमणको ३० अक्टोबरदेखि २ नोभेम्बरसम्म भुटान भ्रमणको कार्यक्रम रहेको थियो। यस भ्रमणको क्रममा, उहाले भुटानसँग भारतको आर्थिक सम्बन्धलाई अझ सुदृढ पार्ने उद्देश्यले धेरै महत्त्वपूर्ण बैठकहरूमा भाग लिने कार्यक्रम थियो।

**<u>पहाड-वर्षा</u>**

लगातार परेको वर्षाको वर्षाका कारण उत्तर बंगालका अन्य जिल्लाहरूसहित दार्जीलिंग अनि कालेबुंगमा पनि जन जीवन प्रभावित बनेको छ I मौसम विभागले ३० अनि ३१ अक्टोबरको दिन उत्तर बङ्गालमा भारी वर्षा हुने अवगत

गराउदै रेड अलर्ट जारी गरेको थियो भने हिजदेखि परेको वर्षाले पहाडी क्षेत्रको नदीहरूको जलस्रोतमा वृद्धि आएको देखिएको छ I यसैबीच बलासन नदीको जलस्तरमा वृद्धि भएपछि जोखिमलाई मध्यनजर गर्दै प्रशासनले मिरिक अनि सिलगढीलाई जोड्ने दुधियाको अस्थायी पूलमा अस्थायी रूपमा सवारीसाधनमा प्रतिबन्ध लगाएको छ I स्मरण रहोस गत ४ अक्टोबर राती परेको वर्षाले दुधियास्थित बलासन नदीमाथि निर्मित फलामको पूल भाचिएपछि गत २७ अक्टोबरदेखि अस्थायी पूलबाट यातायात सुचारू भएको थियो I अर्कोतिर सुके पोखरी खण्डको तबकोशी पर्यटन केन्द्रमा रांगबांग खोलामा निर्मित अस्थायी पूलमाथि खोला बग्न थालेपछि यातायात सेवा ठप्प गरिएको छ I यसैबीच राष्ट्रिय राजमार्ग दसमा भने हाल यातायात सुचारू रहेको जानकारी प्राप्त भएको छ I तथापि हालसम्म कुनै ज्यानमालको क्षति भएको खबर प्राप्त भएको छैन I

**आँपबोटे**

हिजोदेखि परेको वर्षाका कारण आँपबोटे घट्टे गाउँ जाने मुख्य सडक क्षतिग्रस्त बनेको छ। देवल सहितको सडकको ठूलो अंश पैह्रोले लागेपछि आजदेखि आँपबोटे घट्टे गाउँ आवतजावत गर्ने वाहनहरु ठप्प भएको छ ।अविरल वर्षाले गर्दा पैह्रो ग्रस्त क्षेत्रमा हाल पनि पैह्रो झर्ने क्रम निरन्तर रहेको जानकारी प्राप्त भएको छ I पैह्रो गएको खबर सुनेपछि स्थानीय दवाईपानी ग्राम पन्चायत वार्ड नम्बर 3 का ग्राम पन्चायत सदस्य सुजन पहरीले पनि पैह्रो ग्रस्त क्षेत्रमा स्थलगत भ्रमण गर्नु भएको छ यसबारे सम्बन्धी विभागीय अधिकारीहरूलाई जानकारी दिइएको बताउनु भएको छ पैह्रोको कारण सडक अवरूद्ध भएको कारण यस सडक भएर हरसिहहट्टा, लेबोङ दार्जिलिङ, दवाईपानी बस्ती, तकदाह, सात माइल, छ माइल हुँदै अन्य स्थानतिर पुग्न सकिने यातायात सेवा बाधित भएको छ ।

**बिजनबारी- स्थानान्तरण**

भारी वर्षाको कारण कुनै दुर्घटना नहोस् भन्ने उद्धेश्यले बिजनबारी डिग्री कलेजमा क्षेत्रका २० घर परिवारलाई स्थानान्तरण गरिएको जानकारी प्राप्त भएको छ । कालेजमा ८ घर थाना लाईन अनि मनिधारा गाउँ देखि १२ घर परिवारलाई स्थानान्तरण गरिएको जानकारी समष्टि सभासद सन्दिप छेत्रीले दिनु भएको छ। यसरी नै पुलबजार थाना प्रभारी विवेक राईले पनि २० परिवारलाई बिजनबारी डिग्री कलेजमा स्थानान्तरण गरिएको जानकारी गराउनु हुदै पुल बजार थाना पक्षको सक्दो सहयोग गरिरहेको वताउनु भयो।

**लिजाहिल प्राथमिक पाठशाला**

निरन्तर परेको पानीसँगै हावा हुरीले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गत चुङथुङ मेरीबुङ समष्टिको लिजाहिल प्राथमिक पाठशाला नजिकैको रुख भाचिएर पूर्णरूपमा क्षति भएको थाहा लागेको छ। पाठशालामा रहेको सामग्रीहरुमा धेरै क्षति भएको घटनाको खबर पाउन साथ क्षेत्रीय सभसद सन्दीप क्षेत्रीले गरे स्थलगत भ्रमण गरेर क्षय क्षतिको आकालन गरेका छन् I यसका साथै उहाले घटनाबारे सम्बन्धित विभाग अनि जीटीएका प्रमुख कार्यपाल अनित थापालाई अवगत गराएको जानकारी गराउनु हुदै पाठशाला चाडै पुनर्निर्माणको पहल शुरू गर्ने बताउनु बहेको छ।

**एनजीटी- रिपोर्ट माग**

राष्ट्रिय हरित न्यायाधिकरण (NGT) ले उत्तर बंगालका पहाडी क्षेत्रहरूमा बारम्बार हुने पहिरोको बारेमा केन्द्र र पश्चिम बंगाल सरकारहरूबाट विस्तृत प्रतिवेदन माग गरेको छ। यी पहिरोहरूले वर्षभरि विभिन्न समयमा सामान्य जीवनलाई बाधा पुऱ्याउँछन्। एक अधिकारीले आज बिहान यो कुरा पुष्टि गर्दै भन्नु भयो, एनजीटी- को पूर्वी क्षेत्रीय बेन्चले डिसेम्बर २२ मा कोलकातामा यस विषयमा विस्तृत सुनुवाइ गर्नेछ। त्यतिन्जेलसम्म, केन्द्र र राज्य सरकारहरूले आ-आफ्नो प्रतिवेदन न्यायाधिकरणमा बुझाउनुपर्नेछ। एनजीटी- ले प्रतिवेदन माग गरेका एजेन्सीहरूमा केन्द्रीय पर्यावरण तथा वन मन्त्रालय, राष्ट्रीय आपदा प्रबंधन प्राधिकरण, पश्चिम बंगाल प्रदूषण नियंत्रण बोर्ड, , गोविन्द बल्लभ पन्त हिमालयन पर्यावरण संस्थान र वाडिया हिमालयन भूगविज्ञान संस्थान समावेश छन्।

न्यायाधिकरणको निर्णय यस्तो समयमा आएको हो जब यस महिनाको सुरुमा उत्तर बंगालको पहाड, तराई र डुवर्स क्षेत्रमा भारी वर्षा र पहिरोले विनाश मच्चाएको थियो र धेरैको ज्यान गएको थियो। विभिन्न मिडिया रिपोर्टहरूको स्वतः संज्ञान लिँदै, न्यायाधिकरणले पहाडहरूमा अन्धाधुन्ध वन फँडानी र अनियन्त्रित घरजग्गा विकास गतिविधिहरू पहिरोको मुख्य कारण बनिरहेका बताएको छ । एनजीटीले उत्तर बंगालका पहाडहरूलाई राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट महत्त्वपूर्ण रूपमा पनि वर्णन गरेको छ र तत्काल सुधारात्मक कारबाहीको आवश्यकतामा जोड दिएको छ ।

## १२ औ परीक्षा परिणाम

परीक्षा सकिएको ३९ दिनपछि, पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले आज पहिलो सेमेस्टरको परिणाम घोषणा गऱ्यो। परिषद् अध्यक्षले विद्यासागर भवनमा आयोजित पत्रकार सम्मेलनमा औपचारिक रूपमा परिणाम घोषणा गर्नु हुदै समग्र उत्तीर्ण प्रतिशत ९३.७२% रहेको बताउनु भयो । कुल ६९ विद्यार्थीहरूले शीर्ष दसमा स्थान हासिल गरे। परिषद्का अनुसार, उत्तीर्ण प्रतिशतको हिसाबले दक्षिण २४ परगना जिल्ला पहिलो स्थानमा छ भने नादिया जिल्ला दोस्रो स्थानमा छ। कोलकाता सूचीमा १२ औं स्थानमा छ, जसको कुल उत्तीर्ण प्रतिशत ९३.७७% छ। अधिकारीहरू अनुसार परिणाम लिखित परीक्षाको आधारमा मात्र तयार पारिएको हो। परिणाम आज दिउँसो २ बजेदेखि अनलाइनमा उपलब्ध भएको छ। यस वर्ष, उच्च माध्यमिक परीक्षा पहिलो पटक सेमेस्टर ढाँचामा सञ्चालन भइरहेको छ।

****** ० ******